annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३०८ पृष्ठ ८ | काठमाडौं, बिहीबार २९ फागुन २०८१ | फाल्गुन शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४५ | THURSDAY, MARCH 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# जुन दल पनि आफ्नैलाई च्याप्ने

दोस्रो जनआन्दोलनको सफलतापछि नेताहरूको मुखमै झुन्डिएको नारा हो- समानुपातिक समावेशिता । यसैको मार्केटिङ गरेर चुनावमा भोट पनि बटुल्छन् । तर, जब अवसर आउँछ, नेताहरू समावेशिता बिर्सन्छन्, आफ्नालाई रोज्छन् । यसको मारमा पर्छन्, इमान्दार, सोझासाझा र पछि परेका व्यक्ति र समुदाय । यसका लागि कर्णालीकै उदाहरण काफी छन् ।

बिस्नप्रसाद न्यौपाने | *वीरेन्द्रनगर*

\- को रिपोर्ट

समाचार पृष्ठ २

# ३० प्रतिशत काम सम्पन्न, फेरि अस्पतालको शिलान्यास मोह



अस्पतालको पुनः शिलान्यास गरे प्रतिकारमा उत्रिने चेतावनी दिँदै वडाध्यक्ष गयानन्द सरदारलगायत ।

**जितेन्द्रनारायण ठाकुर** | *विराटनगर*

२०७८ चैत १४ गते मोरङको धनपालथान गाउँपालिकाका तत्कालीन अध्यक्ष हरिलाल सिंह, उपाध्यक्ष नसिमा बानु र वडाध्यक्ष गयानन्द सरदारले १५ शय्या अस्पतालको शिलान्यास गरे। ०८० फागुन २० गते अस्पताल निर्माणको सम्झौता भयो। गत भदौदेखि अस्पतालको निर्माण सुरु भयो। हाल अस्पताल निर्माणको काम ३० प्रतिशत पूरा भइसकेको छ।

तर, सोही अस्पतालको शिलान्यास गर्ने तयारी गरे, गाउँपालिकाका अध्यक्ष जीवछप्रसाद गच्छदारले। ३० प्रतिशत पूरा भइसकेको अस्पतालको नयाँ शिलान्यास गर्ने तयारी भएपछि विवाद भयो। त्यसैकारण निर्माण कार्य रोकियो। संघीय सरकारको १३ करोड ५९ लाख बढी रुपैयाँको लगानीमा मोरङको धनपालथान गाउँपालिका-५ बबिया टोलमा तीन वर्षअघि अस्पतालको शिलान्यास गरिएको थियो। गाउँपालिकाका अध्यक्ष गच्छदारले पुनः शिलान्यास गर्ने तयारी गरेपछि जनप्रतिनिधि नै विरोधमा उत्रिए।

त्यसपछि निर्माणकार्य एक महिनादेखि रोकिएको हो। गाउँपालिकाका अध्यक्ष गच्छदारले निर्माणाधीन अस्पतालको पुनः शिलान्यास गर्ने तयारी गरेको भन्दै वडाध्यक्ष गयानन्द सरदारले विरोध गरेका छन् । संघीय सरकारको १३ करोड ५९ लाख बढी रुपैयाँको लगानीमा अस्पतालको निर्माण भइरहेको छ। धनपालथान-४ का कर्णबहादुर राजवंशीको परिवारले दान दिएको १५ कट्ठा जग्गामा यो अस्पताल निर्माणाधीन छ ।

भद्रपुरको निर्माण व्यवसायी कम्पनी बस्नेत पी एन्ड जेभीका अनुसार हालसम्म अस्पतालको कम्पाउन्ड वाल र साढे दुईतले अस्पताल भवनको बेसमेन्टसमेत तयार भइसकेको छ। २०७९ को स्थानीय निर्वाचनबाट उपाध्यक्षमा नसिमा बानु र वडाध्यक्षमा गयानन्द सरदार पुनः निर्वाचित भए। गाउँपालिका अध्यक्षमा कांग्रेसका जीवछप्रसाद गच्छदार निर्वाचित भए। गाउँपालिकाका नयाँ अध्यक्ष गच्छदारले निर्माणाधीन अस्पतालको पुनः शिलान्यासको तयारी गरेपछि वडाध्यक्ष सरदार र पालिका प्रमुखबीच विवाद बढेको छ।

» बाँकी पृष्ठ ६

## विपिनको रिहाइका लागि इजिप्टका राष्ट्रपतिसँग आग्रह



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले इजिप्टका राष्ट्रपति अब्देल फत्ताह सइद हुसैन खालिलसँग टेलिफोन संवाद गरेका छन्। हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी विपिन जोशीको रिहाइका लागि थप पहल गरिदिन प्रधानमन्त्री ओलीले आग्रह गरेका हुन्।

उनले 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत इजरायलमा कार्यरत विद्यार्थी जोशीको सकुशल र शीघ्र रिहाइका लागि भूमिका निर्वाहका लागि राष्ट्रपति अब्देलसँग आग्रह गरेको प्रधानमन्त्री सचिवालयले जानकारी दिएको छ। जवाफमा राष्ट्रपति अब्देलले उक्त विषयमा आफ्नो प्रयास जारी रहने अवगत गराएका थिए। इजरायलमाथि आक्रमणका क्रममा सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा बन्धक बनाइएका जोशीको इजरायल र हमासबीचको दोस्रो चरणको बन्दी आदानप्रदानको सूचीमा नाम प्राथमिकतामा पार्ने प्रयासका लागि धन्यवाद व्यक्त गरे। प्रधानमन्त्री ओलीले इजरायल र हमासबीचको युद्धविराम सम्झौताको नेपालले स्वागत गरिसकेको र सो क्रममा अरब गणतन्त्र इजिप्टले खेलेको भूमिकाको महत्वपूर्ण भएको उल्लेख गरे।

# उपमहानगरको उपेक्षा, करोडौंको ल्यान्डफिल्ड उपयोगविहीन

**मनिका झा** | *जनकपुरधाम*

जनकपुर उपमहानगरको सबैभन्दा ठूलो समस्या हो- फोहोर व्यवस्थापन। त्यसकै लागि निजी लगानीमा करोडौंको ल्यान्डफिल्ड साइट बनाइयो। तर, उपमहानगरपालिकाले उपेक्षा गर्दा ल्यान्डफिल्ड साइट उपयोगविहीन बनेको छ। सामाजिक अभियन्ता तथा व्यवसायी दीपु ठाकुर र उनी सम्बद्ध संस्थाले जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्धीमा १० कट्ठा जग्गा किनेर करिब ४ करोड लगानीमा ल्यान्डफिल्ड साइट निर्माण गरेको हो। तर, स्थानीय सरकारले उक्त साइट सञ्चालनमा सहकार्य र समन्वय नगरेपछि करोडौं लगानीको ल्यान्डफिल्ड कबाडीमा परिणत हुन थालेको छ।

ल्यान्डफिल्ड साइटमा ७० लाख रुपैयाँभन्दा बढीको फोहोर छुट्ट्याउने मेसिन राखिएको छ। लाखौं रुपैयाँ खर्चेर तीनवटा फोहोर उठाउने गाडीहरू राखिएका छन्। कुहिने फोहोरबाट बनाउन सकिने प्रांगारिक मल निर्माणका सामग्रीलगायत फोहोर व्यवस्थापनका सम्पूर्ण बन्दोबस्त गरिएको छ। तर, निजी लगानीमा निर्माण गरिएको ल्यान्डफिल्ड साइटलाई सञ्चालन गरी फोहोर व्यवस्थापन गर्न निकै कठिन भएको ठाकुर बताउँछन्।

केही समययता उनले ल्यान्डफिल्ड साइटमा ताला लगाएका छन्। फोहोर व्यवस्थापनको कार्यलाई समेत बन्द गरेका छन्। 'म एउटा कुशल व्यवसायी हुँ तर, जनकपुरवासी पनि हो। यहाँ फोहोर धेरै भयो। व्यवस्थापन भएन भन्ने जनगुनासाहरू धेरै बढेपछि पछिल्लो ८ वर्षदेखि मैले र मेरा केही साथीहरूले निजी लगानी गरी जनकपुरधाम उपमहानगरपालिकालाई फोहोर व्यवस्थापनमा सहयोग गरेका हौं,' ठाकुरले भने, 'हाम्रो चाहना छ कि हाम्रो कामको सराहना गर्दै स्थानीयपालिकाद्वारा पब्लिक प्राइभेट पार्टनरसिपअन्तर्गत सरकार, प्राइभेट लिमिटेड र समुदाय मिलेर फोहोर व्यवस्थापनमा काम होस्। तर, नगर प्रमुख, प्रशासक र जनप्रतिनिधिहरूलाई सय पटकभन्दा पनि कसैले चासो देखाएनन। हाम्रो लगानीलाई बर्बाद गरिरहेका छौं।'

ल्यान्डफिल्ड साइट सञ्चालनका लागि ठाकुरले सार्वजनिक निजी साझेदारीअन्तर्गत सरकार र प्राइभेट कम्पनीबीच लगानी, मुनाफा र जिम्मेवारी आदान प्रदानको प्रस्ताव गरेका छन्। त्यसका लागि ७ वर्षदेखि प्रत्येक दिन मुख्यमन्त्री कार्यालय, वन तथा वातावरण, पर्यटन, स्वास्थ्य, सरसफाइ एवं खानेपानी मन्त्रालय, स्थानीय सरकारलगायतको सरोकारवालाहरूलाई आग्रह गर्दै आएको उनको भनाइ छ। तर, कसैले पनि वास्ता नगर्दा मन नै मरेको उनको भनाइ छ।

यसअघि पनि ठाकुर र उनका सहयोगीहरूले जनकपुरधाम उपमहानगरपालिका-२२ बसबिट्टीमा डेढ बिघा जग्गा लिजमा लिएर उपमहानगरपालिकालाई फोहोर व्यवस्थापनमा सहयोग गरेका थिए। तर, उक्त स्थानमा फोहोर थुपार्ने काम मात्रै गरेको उपमहानगरपालिकाले व्यवस्थापनतर्फ ध्यान नदिएपछि स्थानीयवासीले विरोध गरे।



फोहोर व्यवस्थापनका लागि निजी लगानीमा निर्माण गरिएको ल्यान्डफिल्ड साइटमा दीपु ठाकुर । ● मनिका झा

विरोधका कारण जग्गा लिजमा उपलब्ध गराएका जग्गाधनीहरूले समेत जग्गा फिर्ता लिए। त्यसपछि दीर्घकालीन व्यवस्थापनको उद्देश्यले ठाकुरले निजी लगानीमा ल्यान्डफिल्ड साइट निर्माण गरेका हुन्। 'सबैको चौतर्फी सहयोगबिना फोहोरमैला व्यवस्थापन सम्भव छैन भन्ने सोचका साथ दीर्घकालीन रूपमै साझा समस्याको समाधानका निमित्त हामीले निजी लगानी लगाएर सरकारलाई जिम्मेवार बनाउन निरन्तर अथक् प्रयास गर्‍यौं। तर, सरकार यो समस्याप्रति जिम्मेवार देखिएन,' ठाकुरसँगै फोहोर व्यवस्थापनका लागि काम गरिरहेका राघवेन्द्र पाण्डे भन्छन्, 'यहाँ हरेक क्षेत्रमा फोहोरी राजनीति हाबी भएको छ। राम्रो काम गर्न चाहनेलाई समेत प्रोत्साहन दिँदैन। हामीले पछिल्लो ८ वर्षमा आफ्नो निजी आय, श्रम र समय नगरको फोहोर व्यवस्थापनका लागि खर्चेका छौं तर, सरकारको तर्फबाट साझेदारीको कुनै प्रयास भएको छैन।'

जनकपुरधाम उपमहानगरपालिकामा दुई लाख जनसंख्या छ। ४२ हजार घरधुरी छन्। दैनिक ४० हजार टन जति फोहोर उत्पादन हुन्छ। तर, ठाकुरले फोहोर व्यवस्थापनको लागि ल्यान्डफिल्ड साइटमा जडान गरेको मेसिनले एक पटकमा सय टन फोहोरलाई ६ प्रकारमा छुट्ट्याएर व्यवस्थापन गर्न सक्ने क्षमता राख्दछ। घरबाट उत्सर्जित फोहोरको दीर्घकालीन एवं वैज्ञानिक व्यवस्थापन नभएकै कारण जनकपुरवासीहरूलाई जथाभावी रूपमा फोहोर फाल्नुपर्ने विवशता छ।

स्थानीय तहले फोहोर व्यवस्थापनको लागि आफूहरूसँग ल्यान्डफिल्ड साइट नै उपलब्ध नरहेको भन्दै फोहोर संकलनलाई समेत बेवास्ता गर्दै आएको छ। नगर सौन्दर्यीकरणको प्रमुख बाधकको रूपमा फोहोर बन्दै गएको बेला ठाकुर र उनको संस्थाद्वारा निर्मित ल्यान्डफिल्ड साइटलाई उचित विकल्पको रूपमा प्रयोग गर्न सकिने स्थानीयवासी बताउँछन्।